नेपाल वायुसेवा

मिति : २०७८/०९/१९

## प्रेस विज्ञप्ति

नेपाल वायुसेवा निगम र नेपाल विद्युत प्राधिकरणबीच मिति २०७८/०९/१९ गते सेवा आदान-प्रदान गर्ने सम्बन्धी MOU सम्झौतामा हस्ताक्षर भएको छ । उक्त सम्झौता संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको विशेष निर्देशन एवम् निगमका कार्यकारी अध्यक्षज्यूको सक्रियतामा सम्पन्न भएको हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सभाहलमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री माननीय प्रेम बहादुर आलेज्यूको समुपस्थितिमा निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारी र प्राधिकरणका महाप्रबन्धक कुलमान घिसिङले उक्त सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको हो ।

उक्त सम्झौता पत्रमा विद्युत प्राधिकरणका कर्मचारीहरु निगमको उडान हुने सेक्टरहरुमा विदेश यात्रा गर्दा तथा प्राधिकरणको कार्गो सामान ओसारपसार गर्दा यथासम्भव निगमकै विमान प्रयोग गर्ने व्यवस्था रहेको छ । त्यस्तै, विद्युत प्राधिकरणका कर्मचारी तथा निजको परिवारका सदस्यहरुलाई निगमले अन्तर्राष्ट्रिय उडानमा १५ प्रतिशत छुट दिने तथा कार्गो रेटमा कार्गोको प्रकृति र Volume को आधारमा ५ देखि १० प्रतिशतसम्म छुट दिने व्यवस्था रहेको छ । उक्त सम्झौताले प्राधिकरण र निगमबीच द्विपक्षीय सेवा तथा व्यवसायको प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुग्नेछ ।

सो अवसरमा माननीय मन्त्री प्रेमबहादुर आलेले निगम र प्राधिकरणबीच सम्पन्न सम्झौता पत्रको प्रसंशा गर्नुभयो । त्यसैगरी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन सचिव महेश्वर न्यौपानेले राज्यका दुईवटा संस्थाहरुबीचको आपसी सहकार्य आफैंमा स्वागतयोग्य रहेको बताउँदै नेपाल विद्युत प्राधिकरणका महाप्रबन्धक कुलमान घिसिङ एक कुशल व्यवस्थापक तथा उदाहरणीय प्रशासक रहेको कुरा पनि बताउनुभयो । निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमको MOU प्रस्ताव सहर्ष स्वीकारोक्तिका लागि कुशल व्यवस्थापक कुलमान घिसिङलाई धन्यवाद ज्ञापन गर्नुकासाथै माननीय मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यूको अविभावकत्वमा सम्पन्न MOU सम्झौताबाट निगमलाई थप प्रोत्साहन मिलेको बताउनुभयो । उक्त कार्यक्रम निगमका वरिष्ठ क्याप्टेन विजय लामाले सञ्चालन गर्नुभएको थियो ।

अर्चना खड्का
प्रवक्ता

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन: ४२२०७५७ फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np,web: www.nepalairlines.com.np